# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय)**

पत्र संख्याः २०७५।०७६

च.न.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
हिलिहाङ गाउँपालिका,
पाँचथर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट हिलिहाङ गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५६ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ६ हजार, नियमित गर्नुपर्ने रु.३९ लाख ४९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८ लाख ७६ हजार रहेको छ ।
२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५/११/३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्योट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १७ (सत्र) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुर्वणप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**हिलिहाङ गाउँपालिका, पाँचथर**

# लेखापरीक्षण प्रतिवेदन

**२०७४।०७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । प्रदेश न. १ मा रहेको यस गाउँपालिका अर्न्तगत ७ वडा ३७ जना गाउँसभा सदस्य, १२३.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ९१३ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिमहिलिहाङगाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| | | आयतर्फ | | | व्ययतर्फ |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ५६३६३४८.०० | १ | वित्तिय समानीकरण | १५५२५२५१७.२० |
| २ | राजस्व (आन्तरिक आय) | ३५२९२४४.०० | २ | ससर्त चालु खर्च | १४८०६८५२२.०० |
| ३ | वित्तीय हस्तान्तरण | ३२७३७८४००.०० | ३ | पूँजीगत खर्च | ५८०६१०.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ३००००० .०० | ४ | वित्तीय व्यवस्था भुक्तानी | ० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | २९६५००.०० | ५ | लगानी | ० |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ० | ६ | धरौटी फिर्ता | ० |
| ७ | विभिन्न कोषतर्फको आय | ० | ७ | ससर्त फिर्ता | ८६२७००२.०० |
| ८ | जनसहभागिता (नगद) | ० | ८ | कोष खर्च | २६७३२५७.०० |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | २५५८००००० | ९ | मौज्दात | २७२२४५३८.८४ |
| १० | धरौटी आय | ० | | | |
| ११ | लगानीको साँवा फिर्ता | ० | | | |
| १२ | अन्य विविध आय (हिलिहाङ महोत्सव) | १६७८६९२.०० | | | |
| जम्मा | | ३४२४००७८४.०० | | जम्मा | ३४२४००७८४.०० |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | उल्लेखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, गाउँपालिकाले पेश कागजात, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्य क्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, कारोबारको जटिलता, सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षणमा कठिनाई जस्ता सिमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार अन्तर्गत तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित लेखापरीक्षणका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ भाद्र ३० मा सभावाट स्वीकृत भएको छ । ऐनको उल्लिखित व्यवस्था अनुसार गाउँ प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवहरुलाई अख्तियारी दिएको पाइएन । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानीत विवरण २०७४ आषाढ १० भित्र सम्पन्नगाऊी २०७४ भाद्र ३० गते मात्र स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ । | |
| | यस वर्ष गाँउसभाले प्रस्तावित गरेको वजेट स्थिति : | |

| क्र.सं. | शिर्षक | रकम |
|---|---|---|
| १ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | १७४२०५००००.०० |
| २ | संघीय सरकारवाट प्राप्त हुने सशर्त अनुदान | १०१३३२०००.०० |
| ३ | गाँउपालकिाको आन्तरिक आम्दानी (गतको मौज्दात समेत) | ८०२८३४६.०० |
| ४ | सामाजिक सुरक्षा अर्न्तगत प्राप्त आम्दानी | ३९६७६८००.०० |
| ५ | राजस्व बाँडफाँडवाट प्राप्त हुने आय | ०० |
| | **कुल आय** | **३२३२४२१४६.००** |

| | | |
|---|---|---|
| २.१ | गाँउपालिकाले मिति २०७४।३।३० मा आर्थिक वर्ष २०७४।७५ को सभाको वैठकवाट पारित भएको कूल वजेट रु.३२ करोड ३२ लाखको आय व्ययको अनुमान वमोजिम सशर्त अनुदानवाट संचालित कार्यक्रम रु. १० करोड १३ लाख ३२ हजार, चालुखर्च रु. ४ करोड ९६ लाख र पूँजीगत खर्च रु. १३ करोड २५ लाखको अनुमान छुट्याई सोही मितिमा अख्तियारी दिएको छ । साथै सामाजिक सुरक्षा तर्फ ३ करोड ९६ लाखको अनुमान गरेको छ । | |

३ **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन कार्यक्रमलाई छनौटमा राखिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

४ **आन्तरिक आम्दानी :** पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर, सहभागिता, अन्य आय वापत अनुमानित रु. २० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु.३५६४२७४।- आय प्राप्त गरेको छ । प्रक्षेपित आय भन्दा बढी आन्तरिक आय भएको देखिन्छ ।

४.१ वडागत आन्तरिक आम्दानीको विवरण निम्नानुसार रहेको छ । वडा कार्यालयहरुले शिर्षकगत आम्दानीको अभिलेख विवरण राखेको छैन । त्यसैगरी गाउँपालिकाले पनि सम्पूर्ण वडाहरुको विवरण लिई आन्तरिक आम्दानीको एकीकृत विवरण तयार गरेको छैन । अतः सम्पूर्ण कारोबारको विवरण खुल्ने गरी एकीकृत विवरण तयार गर्नुपर्दछ ।

| वडा नं. | आम्दानी |
|---|---|
| १ | ३०१७६२.०० |
| २ | ६५८७५९.०० |
| ३ | ३३५३८३.०० |
| ४ | ३८२८७६.०० |
| ५ | ३५५६८८.०० |
| ६ | २९५२७४.०० |
| ७ | ३१४०८९.०० |
| गाउँ कार्यपालिका | ९२०४४३.०० |
| **जम्मा** | **३५६४२७४.००** |

४.२ गाउँपालिकाले आन्तरिक आम्दानी बढाउनको लागि पार्क, खेलमैदान, कर्भडहल, भ्यू टावर, मनोरन्जन स्थल, साहसिक पर्यटकीय स्थलहरुको पहिचान एवम् निर्माण जस्ता क्षेत्रहरुको पहिचान गर्नुपर्दछ । आन्तरिक आय नै स्थानीय तहको स्थायित्वको आधार स्तम्भ भएको हुँदा नयाँ स्रोतहरुको खोजी गर्दै स्थानीय जनतालाई बोझ नहुने गरी आन्तरिक आयको आंकलन र संकलन गर्नुपर्दछ । त्यसतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

४.३ आन्तरिक आम्दानीको लागि वडा सचिवहरुलाई रसिद दिई सो को आधारमा आम्दानी बाँध्ने गरेको पाइयो । गाउँपालिकाले रसिद नियन्त्रण खाता राखी वर्षको शुरुमा रसिद उपलब्ध गराएको भएतापनि वर्षान्तमा बाँकी रहेका रसिदहरु गाउँपालिकामा फिर्ता गरेको वा रद्द गरेको पाइएन । वर्षान्तमा रसिद फिर्ता वा रद्द नगर्दा सोको दुरुपयोग हुन सक्ने तर्फ गाउँपालिका सर्तक रहनुपर्दछ भने रसिदलाई नियन्त्रणलाई व्यवस्थित गर्नुपर्दछ ।

४.४ गाँउपालिकाले राजस्व बाँडफाँडवाड तर्फ यस वर्ष अनुमान गरेको पाइएन । साथै यस वर्ष राजस्व बाँडफाँड वापत यस वर्ष कुनै पनि आम्दानी भएको छैन । गाउँपालिकाले राजस्व बाँडफाँडबाट यस वर्ष गाउँपालिकालाई कुनै आम्दानी प्राप्त भएको छैन ।

५ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र

| | | |
|---|---|---|
| | दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा पर्ने देखिन्छ ।कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा निम्नानुसार देखिएको छः | |
| | • समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको भएपनि सो विवरण पूर्ण रहेको छैन ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको छ ।<br>• मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।<br>• चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरेको छैन ।<br>• सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाउँने गरेको पाइएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखेको भएतापनि भ्रमणमा जानेबाट भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन ।<br>• समयमै पेश्की फछ्र्यौट हुने गरेको पाइएन ।<br>• सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई मुअकर भुक्तानीको जानकारी दिने गरेको छैन ।<br>• गाउँपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन । | |
| ६ | **आन्तरिक ऋण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सर्म्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले ऋण लिएको पाइएन । | |
| ७ | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा  अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |

| | | |
|---|---|---|
| ८ | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाउँसभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । दिगो रुपमा विकास हुने गरी योजनाहरुको प्राथमिकीकरण गरेर मात्र आवश्यक योजनामा खर्च गर्नुपर्दछ । | |
| ९ | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रीय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको छैन । प्रगति प्रतिवेदन तयार गाउँको हुँदा गाउँपालिकाको वार्षिक लक्ष्य प्रगतिको मूल्यांकन गर्न सकिएन । अतः तोकिए बमोजिम प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । न्यून प्रगतिको कारण पत्ता लगाई आगामी दिनमा शत प्रतिशत प्रगति हासिल गर्ने तर्फ गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ । | |
| ९.१ | विषयगत कार्यक्रमहरुको वर्षको शुरुमा कार्यक्रम तयार गर्ने, सो अनुरुप चौमासिकगत रुपमा खर्च गर्ने, सोको प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने तथा वर्षान्तमा कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने कार्यहरु भएको पाइएन । कार्यक्रम तयार नगरी खर्च गर्दा शिक्षा, स्वास्थ्य, कृषि, पशुका कार्यक्रमहरु अधिकांश तेस्रो चौमासिकमा भएको पाइयो । यसर्थ कार्यक्रम अनुसार खर्च र सोको प्रतिवेदन तयार गर्ने कार्य गर्नुपर्दछ । | |
| १० | **योजनागत लक्ष्य प्रगति :** गाउँपालीकाको २०७४।३।३० को सभावाट आर्थिक वर्ष २०७४।७५ मा आन्तरिक श्रोत तथा वित्तिय समानीकरण अनुदान समेतवाट विभिन्न ७ वडामा गाउँस्तरिय तथा वडा स्तरिय योजना (आर्थिक । सामाजिक । पूर्वाधार । प्रकोप । लक्षित वर्ग ) निर्धारण गरेकोमा निम्न स्थिति देखिन्छ । | |
| | क) जम्मा योजना – ३६२ वटा<br>ख) सम्झौता भएका योजना – २६२ वटा<br>ग) सम्झौता नभएका योजना – नभएको<br>घ) सम्पन्न भएका योजना – ३६० वटा<br>ङ) क्रमागत योजना – नभएको<br>च) पेश्की वाँकी योजना – नभएको<br><br>वास्तविक र आवश्यकता अनुरुप योजना छनौट गरिनु र सम्झौता हुन नसक्नुले संस्थाको कार्यसम्पादन स्थिति कमजोर हुन पुग्दछ । तसर्थ योजना समयमै सम्पन्न गर्ने र आवश्यकताको आधामा पहिचान गरी कार्यान्वयनमा ल्याउन विशेष ध्यानाकर्षण गरिएको छ । | |
| ११ | **बैंक हिसाबः** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्षको अन्तिम मौज्दात रु.२७२२४५३८।८४ कायम गरेको छ । यस वर्ष नगद मौज्दात रहेको छैन । वर्षान्तमा साटिन बाँकी चेकको विवरण खुल्नेगरी कार्यालयले बैंक हिसाव विवरण तयार गरेको छ । | |
| १२ | **जिम्मेवारीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम आय व्यय ठिकसँग भएको र लेखांकन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गाउँपालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा गाउँपालिकाको बैंक मौज्दात | |

रु.५९७२४०५.१२उल्लेख गरेकोमा यस वर्ष गाउँपालिकाले तयार गरेको आय विवरणमा रु.५६३६३४८।- जिम्मेवारी सारी रु.३३६०५७१२ घटी जिम्मेवारी सारेको छ। जिम्मेवारी घटी सारेको रकम यकिन गर्नुपर्दछ।

१३ **पूँजीगत चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यक्रम तथथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छः

| क.सं. | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |
| १ | समानीकरण पूँजीगत | ११७८१९६२६।- | ५८९०९८१।- | ५३०१८८३१।- | ५८९०९८१३।- | ३५३४५८८७।- |
| | **प्रतिशत** | **१००** | **५** | **४५** | **५०** | **३०** |

तालिका अनुसार कुल खर्चमध्ये प्रथम चौमासिकमा ५ प्रतिशत, दोश्रो चौमासिकमा ४५ प्रतिशत र तेस्रो चौमासिकमा ५० प्रतिशत खर्च भएको देखिन्छ। यसैगरी कुल खर्चको ३० प्रतिशत खर्च आषाढमा भएको देखिन्छ। यसरी यस गाउँपालिकाको कुल बजेट खर्च मध्ये अधिकांश बजेट खर्च अन्तिम चौमासिक र त्यसमध्ये पनि आषाढ महिनामा भएको देखिन्छ। जसले गर्दा समय अभाव, तथा वर्षातको कारणले गुणस्तर युक्त कार्य हुन नसक्ने अवस्था सिर्जना हुने भएकाले अन्तिम चौमासिक र आषाढ महिनामा मात्र अधिकांश बजेट खर्च गर्ने प्रवृतिमा सुधार गर्नुपर्ने देखिन्छ।

१४ **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार ४१ कर्मचारीको दरवन्दी रहेकोमा संघीय सरकारवाट ६, साविक स्थानीय निकायमा कार्यरत ३ र आन्तरिक पदपूर्ति १२ गरी २१ कर्मचारी पदपूर्ति भएको छ भने अझैपनि २१ कर्मचारीहरुको पद रिक्त अवस्थामा रहेको छ। गाउँपालिकाले आन्तरिक पदपूर्तिमा १ इन्जिनियर, १कम्प्यूटर अपरेटर, १ सव इन्जिनियर र ९ कार्यालय सहयोगी नियूक्त गरेको छ।आन्तरिक पदपूर्ति गर्दा गाउँपालिकाको चालु खर्चमा वृद्धि हुन्छ। तसर्थ आवश्यक संख्यामा औचित्य खुलाएर मात्र आन्तरिक पदपूर्ति गर्नुपर्दछ। यसैगरी नागरिकहरुसँग प्रत्यक्ष रुपमा दैनिक सेवा प्रदान गर्ने गाउँपालिकामा स्थायी कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा नकारात्मक असर पर्ने हुँदा तत्काल पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ।

१५ **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ।

| **वडा संख्या** | **वडा सचिवको दरवन्दी** | **वडा सचिवको पदपूर्ति** | **रिक्त वडा सचिव** |
|---|---|---|---|
| ७ | ७ | ५ | २ |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार गाउँपालिकाका ७ वटा वडा सचिव मध्ये ५ जनाको पदपूर्ति भई २ जनाको दरबन्दी मात्र रिक्त रहेको छ। पद रिक्त रहँदा सेवा प्रवाह प्रभावकारी नहुने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ। | |
| १६ | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छ। थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ। | |
| १७ | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यबस्था रहेकोमा गाउँपालिकाले २०७४।७५ को आय व्यय कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवदेन २०७५।५।५ मा पेश भएको छ। | |
| १८ | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै गाउँपालिकाहरुले Sub-National Treasury Regulatory Application (SuTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था भएतापनि गाउँपालिकाले उक्त प्रणालीमा लेखा स्रेस्ता अद्यावधिक गरी राखेको छैन। त्यसैले तोकिए बमोजिमको विद्युतीय प्रणालीमा लेखा स्रेस्ता राख्नु पर्दछ। | |
| १९ | **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँपालिका वा गाउँपालिकाबाट नक्सा पास गाउँई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यस वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही भएको छैन। त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ। | |
| २० | **भ्रमण किफायती नभएको :** भ्रमण खर्च नियमावली, २०६४ को नियम (१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म भ्रमणलाई किफायती र कम खर्चिलो बनाउनु पर्ने उल्लेख छ। भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीलाई वास्तविक काम र सोमा लाग्ने समयको आंकलन नगरेकोकाज स्वीकृत गरी सो अनुसार दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने गरेको छ। जसबाट गाउँपालिकालाई अनावश्यक व्ययभार पर्ने तथा आर्थिक अनुशासनको पक्ष समेत कमजोर हुँदै जाने तर्फ जिम्मेवार पदाधिकारीहरुले तत्काल ध्यान दिई यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ। साथै पदाधिकारीले भ्रमण खर्च फरफारक गर्ने समयमा भ्रमण प्रतिवेदनमा भ्रमणको उपलब्धि र उक्त भ्रमणले स्थानीय तहलाई पारेको सकारात्मक पक्षलाई उजागर गर्ने गरेको पाइएन। | |
| २१ | **बहुक्षेत्रीय पोषण कार्यक्रम:** यस कार्यक्रमको लागि रु.१२ लाख २१ हजार वजेट प्राप्त भएकोमा विभिन्न १४ वटा कार्यक्रमहरु तयार गरी कार्य भएको पाइयो। यस वर्ष यो कार्यक्रम गाउँपालिकाका वडा नं. २, ७ र ३ मा सञ्चालन गरेको पाइयो। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:<br>● साना साना रकमका धेरै कार्यक्रमहरु तयार गरेको छ। जसले गर्दा तालिम कार्यक्रम प्रभावकारी नहुन सक्ने देखियो।<br>● सुनौला १००० दिन भित्रका आमाहरुलाई पोषण स्थितिमा सुधार ल्याउन कुखुरा चल्ला | |

| | | |
|---|---|---|
| | वितरण गरेको छ । शिघ्र कुपोषितको एकीकृत व्यवस्थापन कार्यक्रममा रु. १५०००।- को आयोडिनयुक्त नून खरिद गरी वितरण गरेको छ । जसले गर्दा कार्यक्रम परिणाममुखी भन्दा पनि वितरण मुखी रहेको देखिन्छ।<br>• सञ्चालन भएका तालिमहरुको कागजातसाथ तालिम सञ्चालनको समय सारिणी, प्रतिवेदन, कार्यपत्रहरु संलग्न गरेको पाइएन ।<br>• कार्यक्रमको समष्टिगत प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।<br>• अनुगमन गरेको जनाएतापनी सोको प्रतिवेदन तयार गरेको पाइएन । | |
| २२ | **महिला सशक्तिकरण कार्यक्रमः** जनउद्धार संघलाई रु.१०००००। लाख भुक्तानी दिएकोछ जसमा ५० जना वृद्धवृद्धाहरुलाई सम्मान पत्र, दोसल्ला र यातायात खर्च भूक्तानी गरेकोमा ४६ जना मात्र वृद्धवृद्धाको दस्तखत रहेको हुँदा ४ जनाको रु १५००।- का दरले बढी भुक्तानी भएको रु.६०००।- असुल गर्नुपर्ने रु.. | ६,०००/- |
| २३ | **आकस्मिक कोषः** यस कोषबाट देहायका व्यक्तिहरुको नाममा खर्च लेखिएको भएतापनि उक्त व्यक्ति हरुले रकम वुझेको नपाइएकोले सोको भरपाई पेश गर्नुपर्ने रु.. | १,१३,०००/- |

| गो.भौ.नं मिति | रकम पाउनुपर्नेको नाम | रकम |
|---|---|---|
| ९/२०७४-१०-२ | डिल्लीमाया सुहांग | २००००.०० |
| | लाल बहादुर सार्की | २००००.०० |
| | दुर्गादेवी मैनाली | ५०००.०० |
| १०/२०७४-१०-९ | अम्विका जोगी सिगु | ८०००.०० |
| ११/२०७४-१०-११ | यक बहादुर सार्की | २००००.०० |
| | मान वहादुर बस्नेत | २००००.०० |
| २०/२०७४-१२-१३ | देशमाया लिङदेन | २००००.०० |
| | **जम्मा** | **११३०००.००** |

| | | |
|---|---|---|
| २४ | **सामाजिक सुरक्षा वितरणः**नगरपालिकाले यो बर्ष जेष्ठ नागरिक, एकल तथा विधवा महिला, अपांग र वालवालिकाहरुलाई सामाजिक सुरक्षा भत्ता रु.३,१३,०३,६००।- वितरण गरेको विवरण प्राप्त छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| २४.१ | सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७२ मा उल्लेख गरे अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने परिचय वितरण गरेका लाभग्राहीहरुको फोटो सहितको मूल अभिलेख राख्नु पर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका लाभग्राहीको लगत कट्टि गर्नुपर्ने, प्रत्येक वर्ष लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीहरुको फोटो सहितको अभिलेख सम्बन्धित वडाहरुमा रहने भएको हुँदा लेखापरीक्षणक्रममा उपलब्ध भएनन् । साथै वसाईसराई र मृत्यु भएको विवरण पनि प्राप्त हुन सकेनन् । जसले गर्दा भत्ता वितरण गरिएका नामावली भिडान गरी खर्चको यथार्थता एकिन गर्न सकिएन । कार्यविधिले निर्देशन गरे बमोजिम अभिलेख राखी खर्च व्यवस्थित र विश्वसनीय बनाउनु पर्दछ । | |

| | | |
|---|---|---|
| २४.२ | सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, दोस्रो किस्ता र तेस्रो किस्ता क्रमशः असोज १ गतेबाट दोस्रो हप्ताभित्र, माघ १ गतेबाट दोस्रो हप्ताभित्र र जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने कार्यविधिले व्यवस्था गरेपनि कार्यालयले वितरणको लागि दोश्रो किस्ता मिति ०७४।११।२० र तश्रो किस्ता भत्ता पेश्की सम्बन्धित वडाहरुलाई २०७५।३।७ मा दिएको देखिएकोले तोकिएको समय भित्र लाभग्राहीहरुले सामाजिक सुरक्षा रकम प्राप्त गरेको पाइएन । | |
| २४.३ | कार्यक्रम कार्यविधि, २०७२ ले सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा एक अनुगमन तथा सुपरीवेक्षण समिति रहने उल्लेख छ तर उक्त समिति गठन भएको तथा सो समतिले अनुगमन गरी प्रतिवेदन गरेको देखिएन । | |
| २५ | **सञ्चयकोष रकम दाखिला गर्नुपर्ने :** गाउँपालिकावाट स्वास्थ्य तर्फका विभिन्न २१ कर्मचारीहरुको सञ्चयकोष कट्टी रकम दाखिला भएकोले नपाईएकाले खातामा दाखिला गर्नुपर्ने रु.. | ३,७०,५५२/- |
| | **शिक्षा तर्फः** शिक्षातर्फको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| २६ | **विद्यालयगत निकासा रजिष्ट्रर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन् भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । गाउँपालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरीअभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता गरी राख्नु पर्दछ । | |
| २७ | शिक्षातर्फ विद्यालय निकासा अर्न्तगत गाउँपालिका भित्रका ४४ बिद्यालयहरुलाई सामाजिक लेखापरीक्षण खर्च रु. ४९००००।- भूक्तानी भएकोमा लेखापरीक्षण भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु .. | ४,९०,०००/- |
| २८ | अमरपुर माध्यामिक विद्यालयलाई पूस्तकालय निर्माणवापत रु ५०००० भुक्तानी भएकोमा सो रकम कुन प्रयोजन मा खर्च भएकोहो सो सँग सम्वन्धित विल भरपाई श्रेस्ता साथ संलग्न नभएकोले सो रकम तोकिएकै कार्यमा नै खर्च भई पुस्तालय निमार्ण भयो भन्ने आधार प्रमाण नदेखिएकाले प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु | ५०,०००/- |
| २९ | पारिजात,अमरपुर तथा सुभाङ सामुदायिक केन्द्रहरुलाई प्रतिकेन्द्र रु.६६६६७- का दरले रु. २०००००।- भूक्तानी दिइएको मा श्रेस्ता साथ सम्झौता तथा अन्य कागजातहरु संलग्न गरेको नपाईएकोले सो रकम तोकिएकै कार्यमा नै खर्च भयो भन्ने आधार देखिदैन । साथै गाउँपालकाद्वारा समेत सो कार्यको अनुगमन गरेको नपाईएकोले वील भरपाई तथा अन्य कागाजात पेश गर्नु पर्ने रु.. | २,००,०००/- |
| ३० | **<u>कृषि सेवातर्फ :</u>**<br><br>**कार्यक्रमका क्रियाकलापहरु नखुलेको :** कार्यक्रम सञ्चालन गर्नु पूर्व बार्षिक कार्यक्रम र उक्त कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने क्रियाकलापहरु निर्धारण गरिनु पर्दछ । गाउँपालिकाले प्रधानमन्त्री कृषि आधुनिकिरण ब्लक विकास कार्यक्रम भारपाको लागि रु. २५ लाख ५० हजार विनियाजन गरी कार्यक्रम तयार गरेको भएपनि सो कार्यक्रम अन्तर्गत के के गर्ने भन्ने क्रियाकलापहरु निर्धारण नगरी रु. २५,५०,०००।- को आलुको बिउ, अदुवाको विउ, मकैको विउ, किटनाशक औषधीहरु खरिद र वितरण लगायतका क्रियाकलापका एकमुष्ठ विल भरपाईको | |

| | | |
|---|---|---|
| | आधारमा एउटै गोश्वारा भौचरमा खर्च लेखांकन गरेको छ । कुन क्रियाकलापमा कति खर्च भयो खर्चको तेरिज समेत नरहेको तथा कार्यक्रम अन्तर्गतका क्रियाकलाप र खर्च समेत नछुट्टिएने गरी लेखा राखेको छ । कार्यक्रम अन्तर्गतका क्रियाकलाप खुल्ने गरी कार्यक्रम तयार गर्नुपर्दछ । साथै सोही अनुसार खर्च गर्नुपर्दछ । एकमुष्ठ खर्चका विल भरपाई राख्ने कार्यमा सुधार गर्नुपर्दछ । | |
| | **पूँजीगत तर्फः** | |
| ३१ | **उपभोक्ता समितिबाट निर्माण कार्य** : उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् : | |
| ३१.१ | संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| ३१.२ | सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अधिकांश मोटरबाटो निर्माण गर्ने काममा मेसिनको प्रयोग भएको छ । गर्न सकिने कार्यहरुमा जनशक्तिलाई समेत रोजगारी दिने गरी कार्य गर्नुपर्दछ । | |
| ३१.३ | उपभोक्तासंगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिङ्ग नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन। साथै अधिंकाश निर्माण कार्यहरुमा भएको प्रमाणित गर्ने तस्वीर र योजनाको जानकारी मूलक सूचना वोर्ड संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिता हुनुपर्दछ । | |
| ३१.४ | सार्वजनिक खरिद नियमावली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछभन्ने व्यबस्था रहेको छ । गाउँपालिकाबाट संचालित योजनाहरुमा प्राविधिकहरुबाट नाँपजाच भएको अधिकांश निर्माण कार्यहरुको लागत अनुमानसँग समान हुने गरी कार्यसम्पन्न भएको देखाईएको छ । उदाहरणको लागि फेदपा सिस्नेरी भाडवारी मोटरवाटो ट्रयाक ओपनलाई लिन सकिन्छ । गाउँपालिकाबाट रु.१५ लाखमा निर्माण गरिएको यस मोटरबाटोको लागत अनुमान, नापी विलमा एउटै परिमाण उल्लेख गरेको छ । साथै जोरपोखरी बजार हुँदै जोरपोखरी मा वि जोड्ने सडक स्तरोन्नतिमा पनि यस्तै अवस्था छ । माटो खन्ने कार्यमा लागत अनुमानको परिमाण र नापीको परिमाण एउटै हुनैनसक्ने हुँदा प्राविधिकबाट यथार्थ रुपमा नै नापी भएको भन्ने आधार | |

| | | |
|---|---|---|
| | देखिदैन । यसर्थ यसतर्फ प्राविधिकहरुलाई जिम्मेवार बनाई यथार्थ रुपमा नापी किताव तयार गर्नुपर्दछ । | |
| ३१.५ | गाउँपालिकाले यस आर्थिक वर्षमा नयाँ ट्र्याक खोल्ने तथा मोटरबाटो स्तरोन्नती गर्ने, मर्मत गर्ने कार्य उपभोक्ता समितिबाट गराउँदा उपभोक्ता समितिले डोजर भाडा वापतको बिल पेश गर्दा फरक फरक दररेट पेश गरेको पाइयो। गाउँपालिकाले हालसम्म डोजर भाडादर तोकिदिएको छैन भने फरक फरक दर पेश भएकोमा सो को पुष्ट्याँइ समेत पेश गर्न सकेको छैन । गाउँपालिका भित्र हुने एकै प्रकृतिका कार्यका लागि एउटै दररेट कायम गरी कार्य लगाउनु पर्दछ । | |
| ३१.६ | उपभोक्ता समितिद्वारा मोटरबाटो निर्माण, मर्मत सम्भार अन्तर्गत डोजरबाट माटो खन्ने कार्यको परिमाण गणनागरी उपभोक्तालाई भुक्तानी दिने बिलमा घनमिटरमा परिमाण उल्लेख गरेतापनि सो को भुक्तानी लिने प्रयोजनार्थ उपभोक्ता समितिले पेश गर्ने डोजर भाडा वापतको निर्माण व्यवसायीको बिलमा प्रतिघण्टाका दरले रकम उल्लेख गर्ने गरेको पाइएकोले भएको कार्य परिमाण र भुक्तानी भएको भाडादर बीच तादाम्यता रहेको पाइएन । यर्सथ बिल अनुसारको कार्य परिमाण खुल्ने गरी बिजक राख्नुपर्दछ । | |
| ३१.७ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन ।  जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । | |
| ३१.८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७  उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाउँपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी  निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | |
| ३१.९ | गाउँपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा हुने जनसहभागितालाई गाउँसभाबाट निर्णय गरी एकरुपता हुने गरी दर कायम गर्नुपर्नेमा सो गरेको देखिएन । योजनाहरुमा २० प्रतिशत देखि जनसहभागिता नै नराखी लागत अनुमान तयार गरी भुक्तानी समेत गरेको पाइयो । यसर्थ जनसहभागितामा एकरुपता कायम गर्नुपर्दछ । | |
| ३२ | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७  उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी  निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | |
| ३३ | **दर विश्लेषण तथा नर्म्सको प्रयोग**:  नेपाल सरकार निर्माण कार्यको नर्म्स अनुसार विभिन्न प्रकारका माटो कटाई सम्बन्धि फरक फरक प्रकारका नर्म्स हरु रहेका छन् । पालिकाका अधिकांस वाटो निर्माण कार्यको दररेट विश्लेषणमा  नरम माटो को नर्म्स प्रयोग नगरी कडा माटो तथा कडा | |

| | | |
|---|---|---|
| | चट्टानको नर्म्स प्रयोग गरि सोही अनुसार लागत अनुमान, सम्झौता तथा भूक्तानी गरेको पाईयो । तसर्थ साईटको अवस्थाका आधारमा यथार्तपरक नर्म्स प्रयोग गरी दररेट विश्लेषण गर्नु पर्दछ । | |
| ३४ | **डोजर बहाल भूक्तानी:**सार्वजनिक खरिद नियमावली २०६५ को नियम ९७ (९)उपभोक्ता समिति वा लाभग्राहीवाट सञ्चालित हुने निमार्ण कार्यमा सोहि नियमको स्पस्टीकरण खण्डको अबस्थामा बाहेक हेभी मेशिन उपकरणहरु प्रयोग गर्न नपाईने व्यबस्था रहेको छ।तर  गाँउपालिका विभन्न मोटर वाटो निर्माण तथा खेल मैदान निमार्ण आयोजनाहरुमा उपभोक्त समिति मार्फत कार्य गराउदा एक्साभेटरको प्रयोग गरी  वहाल वापत रु ३,७३,७९,५३०/- भुक्तानी भएको छ । बिशेष अबस्थामा लागत अनुमान तयार गदा नै हेभी मेशिन  प्रयोग  गर्नु पर्ने  प्राबिधिकको शिफारिसका आधारमा मात्र प्रयोग गर्न सक्ने व्यबस्था भएतापनि उपभोक्ता समिति मार्फत संचालन भएका अधिकांस योजनाहरुमा  ऐन नियमावलीको व्यवस्था विपरित हेभी उपकरण प्रयोग भएको पाईयो । तसर्थ ऐन नियमावलीको व्यबस्थाको बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउनु पर्दछ । | |
| ३५ | **सवारी साधन खरिद :-** गाउँपालिकाले यस वर्ष सवारी साधन खरिदमा रु.५३ लाख ५६ वजेट विनियोजन गरेकोमारु.५०३२५९५।- मूल्यको हलुका सवारी साधन खरिद गरेको छ । गाउँपालिकाको दैनिक कार्यसञ्चालनको लागि पदाधिकारी तथा कर्मचारीको प्रयोगको लागि उक्त सवारी साधन खरिद गरिएको गाउँपालिकाले जनाएको छ । यसरी एकै वर्षमा ठूलो धनराशी सवारी साधनमा खर्च गर्दा गाउँपालिको सार्वजनिक निर्माणमा असर पर्ने हुँदा यस्ता प्रकृतिका खर्चमा मितव्ययीता अपनाउनु पर्दछ । | |
| ३६ | **बढी भूक्तानी:** अमरज्योती आ वि भौतिक व्यवस्थापन अन्तर्गत वेन्च र डेस्क निर्माण कार्य भएको पाइयो । बेन्च र डेस्क वनाउने कार्यका लागि १ घनमीटर काठको कामको लागि रु.९८३१३।- भुक्तानी गरेको छ । खानेपानी विभागले तयार गरेको नर्म्सलाई आधार लिई उक्त दर गणना गर्दा रु.५८५८०।- हुनआउँछ । जसले गर्दा विद्यालयमा भएको २.०७ घनमीटरकामका लागि भएको भूक्तानीमा रु.३९७३३।- प्रतिघनमीटरका दरले रु.८२२४७।- बढी भुक्तानी भएको छ । अतः बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु... | ८२२४७/- |
| ३७ | **वडा नं ५ तर्फ :**<br>गाउँपालिकाले खानेपानी क्षेत्रमा रकम विनियोजन गर्दा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका संचालन गर्ने योजनाहरु बाहेकका योजनाहरु छनौट गर्नु पर्दछ । डिभिजनबाट संचालित योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण हुने र उक्त योजनाहरुको संचालन तथा मर्मत सम्भारको जिम्मेवारी पनि उपभोक्ता समितिमा नै रहने भएकोले त्यस्ता योजनाहरु गाउँपालिकाले छनौट गर्नु हुँदैन । गाउँपालिकाले वडा कार्यालयमार्फत देहायका खानेपानी योजनाहरु योजनाहरु निर्माण एवं मर्मत संभार गराएको छ । योजनाहरुमा दोहोरो खर्च हुन नदिन डिभिजन कार्यालयसँग समन्वय गरी खानेपानी योजनाहरु छनौट गर्नुपर्दछ ।<br>**योजनाहरु** — **खर्च रकम**<br>ओप्लासे खा.पा. — ३८४००<br>आकाशे चित्रे खा.पा. — २४३८८०<br>आरुबोटे खा.पा. — १७६१५८<br>देवीथान खा.पा. — ८६४०० | |
| ३८ | **रीतपूर्वक विजक नरहेको :** मूल्य अभिवृद्धि कर  नियमावली, २०५३ को नियम १७ अनुसार सेवा प्रदायकले प्रापकलाई रीतपूर्वकको विजक जारी गर्नु पर्दछ । फलामचोक मोटर बाटो ट्र्याक ओपन कार्यमा डोजर परिचालन गरी पाथीभर निर्माण सेवाले विल रु १९९६८२।०० भुक्तानी लिएकोमा | २२,९७२/- |

Nested table in row ३७:

| योजनाहरु | खर्च रकम |
|---|---|
| ओप्लासे खा.पा. | ३८४०० |
| आकाशे चित्रे खा.पा. | २४३८८० |
| आरुबोटे खा.पा. | १७६१५८ |
| देवीथान खा.पा. | ८६४०० |

| | | |
|---|---|---|
| | निज व्यवसायीले जारी गरेको विजक नं. १ मा मिति र दस्तखत छैन । अतः उक्त विजक रितपूर्वकको नदेखिएकोले त्यस विलबाट लिएको मू.अ.कर रु २२९७२।०० को समायोजन प्रमाण पेश गर्नुपर्ने रु. | |
| ३९ | **जग्गाको स्वामित्वः** जग्गाको स्वामित्व ग्रहण अर्थात जग्गा धनी प्रमाण प्राप्त गरेका निकाय वा संघ संस्थाहरुमा मात्र  गाउँपालिकाले भवन निर्माणमा आर्थिक अनुदान दिनु पर्दछ । गाउँपालिकाले फुङ्चे वाल विकास भवन निर्माणको लागी रु.४०००००।०० अनुदान दिएकोमा वाल विकास संस्थाको नाममा जग्गाको स्वामित्व रहेको जग्गाधनी प्रमाण श्रेस्तासाथ संलग्न भएको देखिएन । निकायको स्वामित्व नरहेको जग्गामा भवन निर्माण अनुदान दिनु उपयुक्त हुँदैन । यस तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ४० | **वितरणमुखी कार्यक्रमः**स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ । गाँउपालिकाले उक्त सुची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्नुपर्दछ । स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप गरिबी, पछौटेपन, बेरोजगारी, गरिबी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागी विभिन्न अभिमुखिकरण तालिम, सिप विकास लगायतका कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । गाँउपालिकाले  विभिन्न सिप विकास तथा अभिमुखीकरण तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरी वितरणमुखी क्रियाकलापहरुमा खर्च गरेको छ । आन्तरिक आय कमजोर रहेको अवस्थामा आर्थिक असमानता हटाई वित्तीय समानिकरण ल्याउनको लागी उपलब्ध रकम गाउँपालिकाले  गाउँसभा तथा कार्यपालिकाको निर्णयअनुसार विभिन्न प्रयोजनको लागी वितरण गरेको छ । त्यसैले यस प्रकारका खर्चको आवश्यकता र औचित्य बारे पुनःमूल्याकन गरी खर्च नियन्त्रणमा ध्यान दिनुपर्दछ । यस्ता संस्था तथा कार्यमा गरेको खर्चका केही उदाहरण देहाय बमोजिम छन्: | |

| गो.भो.न. | भुक्तानी पाउने | प्रयोजन | कार्यक्रम संचालन मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १५-७४/१२/२२ | जोरपोखरी खेलकुद उ.स. | फुटवल भलीवल | २०७४/७/२९-८/४ | २००००० |
| १३-७४/१०/१० | धुब्रतारा यूवा क्लव | भलीवल चेस | २०७४/९/१९-१०/१ | १५०००० |
| १२-०७५/१/३० | ३ न.वडा कार्यालय | खेलकुद वापत | | २००००० |
| ३५-७५/०३/३२ | सप्तकोसी भाडा पसल | नौमती वाजा २ सेट | | २५०००० |
| | चन्द्रकुमार आङ्बदाम्बे | च्याब्रूङ्ग ३६ थान | | ५४०००० |
| | | **जम्मा** | | **१३,४०,०००/-** |

| | | |
|---|---|---|
| ४१ | **टुक्रा पारी खरिद :-**सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद ऐन र ऐन अर्न्तगत बनेको नियम बमोजिम खरिद कार्य गर्दा प्रतिश्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । गाउँपालिकावाट  विभिन्न मितिमा ८ थान मोटर साईकल तथा १६ थान कम्प्युटर/ल्याप्टप तथा १० थान प्रिन्टरहरु खरिद गर्दा खरिदकार्यलाई टुक्रा पारी खरिद गरेको पाईयो । सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद कार्य नगरीटुक्रा पारी खरिद गर्दा पुर्ण प्रतिस्पर्धा भई मितव्ययी तवरले खरिद कार्य भएको छ भन्ने आधार देखिएन । अतः ऐनको व्यवस्था प्रतिकुल हुने गरि टुक्रा पारी भएको खरिद नियमसम्मत नदेखिएको रु.. | ३३,८३,२८८/- |

| गो.भो न. मिति | सप्लार्यस | मोटर साईकल | परिमाण | भूक्तानी रकम |
|---|---|---|---|---|
| १०-०७४/१२/२८ | सागर एण्ड ब्रदर सप्लार्यस | डिस्कभर -१५० | १ | २४०९०० |
| ९-०७४/१२/२८ | सागर एण्ड ब्रदर सप्लार्यस | पल्सर -१५० | १ | २४०९०० |
| ६-०७४/०९/६ | सागर एण्ड ब्रदर सप्लार्यस | पल्सर -१५० | ३ | ७२२७०० |
| १९-०७४/१०/१० | सागर एण्ड ब्रदर सप्लार्यस | पल्सर -१५० | २ | ४८१८०० |
| २४-०७५/१/१० | सागर एण्ड ब्रदर सप्लार्यस | पल्सर -१५० | १ | २४०९०० |
| | | **जम्मा** | **८** | **१९२७२००/-** |

| गो.भो न. मिति | सप्लार्यस | विवरण | परिमाण | भूक्तानी रकम |
|---|---|---|---|---|
| १-७४/८/१८ | इभरग्रीन कम्प्यूटर | डेल ल्याप्टप | ६ | ४५५९९५ |
| ४-७४/९/३० | इन्टेल सप्लार्यस | डेल डेक्सटप | ७ | ४४१००० |
| ५-७४/९/३० | स्याङ्वो कम्प्यूटर | डेल ल्याप्टप | २ | ३२२०९५ |
| | | क्यान्न् प्रिन्टर | ७ | |
| २८-७५/३/१५ | इभरग्रीन कम्प्यूटर | डेल ल्याप्टप | १ | २३६९९८ |
| | | क्यान्न् प्रिन्टर | ३ | |
| | | जम्मा | २६ | १४५६०८८/- |
| | | | मोटरसाईकल तर्फ जम्मा | १९२७२००/- |
| | | | **कुल जम्मा** | **३३,८३,२८८/-** |

४२ **पदाधिकारी पारिश्रमिकः** प्रदेश नं. १अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको लिएको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ ।यस गाउँपालिकामा ३७ जना पदाधिकारीहरुको उल्लेखित ऐनले तोकिएको दररेटमा १२ महिनाको रु.४९५४५९३।- भुक्तानी भएको छ। उक्त ऐन २०७५।२।१३ मा जारी भएकोमा सो अगाडि भुक्तानी भएको सुविधा ऐन जारी पश्चात समायोजन गरी भुक्तानी भएको छ।

४३ **स्वीकृत दरबन्दीभन्दा बाहिरका कर्मचारीलाई भूक्तानीः** स्वीकृत दरवन्दीमा रहेका कर्मचारीलाई मात्र तलव भत्ता भुक्तानी दिनुपर्दछ । यस गाउँपालिकाले देहायका सल्लाहकार तथा स्वकिय सचिव नियूक्त गरी भुक्तानी गरेको छ। साथै उक्त व्यक्तिहरुलाई नियूक्ति पत्र दिएको पाइएन भने नियमित रुपमा कार्यालयमा उपस्थित रही कामकाज गरेको समेत पाइएन। अतः उक्त व्यक्तिहरुलाई भूक्तानी अनियमित देखिएको रु.. ५,६६,०४०/

| क्र.सं. | पद | बुझिलिएको सेवा सुविधा |
|---|---|---|
| १ | राजनीतिक सल्लाहकार | ६००००.०० |
| २ | प्रेस सल्लाहकार | १२००००.०० |
| ३ | कानूनी सल्लाहकार | १२००००.०० |
| ४ | स्वकीय सचिव | २६६०४०.०० |
| जम्मा | | **५,६६,०४०.००** |

| | | |
|---|---|---|
| ४४ | **कर्मचारी प्रोत्साहन भत्ता** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचलान खर्च पाउने व्यवस्था छ । गाउँपालिकामा कार्यरत ८ कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु.३,६२,१८५।- भुक्तानी गरेको छ । गाउँपालिकाले तयार गरेको प्रोत्साहन मापदण्ड अनुसार भत्ता भुक्तानी भएको छ । यस्तो रकम भूक्तानी दिँदा कार्यवोझ र आन्तरिक आम्दानी समेतलाई विचार गर्नुपर्दछ । | |
| ४५ | **बढी भूक्तानीः** विल भरपाई चेकजाँच र जोड जम्मा गरी भूक्तानी दिनुपर्दछ । गाउँपालिकाले वातावरण संरक्षण नेपाललाई सम्झौता बमोजिम गरेको कार्यको भूक्तानी दिदां पेश गरेको विल भरपाई रु.२,००,०००।- भन्दा बढी हुने गरी रु.२,१०,०००।- भूक्तानी दिएको देखियो । विल भरपाई भन्दा बढी दिएको रु.१०,०००।- असूल गर्नुपर्ने रु.. | १०,०००।- |
| ४६ | सिलाई बुनाई तथा कटाई तालिम कार्यक्रम उत्पिडित तथा जाति विकास मञ्च पाँचथर सिलाई बुनाई तथा कटाई तालिम कार्यक्रम संचालन गरेकोमा मञ्चको प्राविधिक प्रस्तावमा "प्रत्येक वडाबाट सहभागी हुने सहभागीहरुलाई ८०% छुटमा मेशिन वितरण गरिनेछ " उल्लेख छ । गाउँपालिकाले रु.६३६९७६।- मूल्यमा खरिद गरेको ४९ वटा सिलाई मेशिन मञ्चले तालिम संचालन पश्चात सहभागीहरुलाई निःशुल्क विरण गरेको पाइयो । अतः प्रस्तावनामा उल्लेख गरेको मेशिनको २०% मूल्य रु.१,२७,४००।- सहभागीहरुबाट असुल हुनुपर्ने रु... | १,२७,४००।- |
| ४७ | **हिलिहाङ पार्श्व चित्रः** गाउँपालिकाले गरेको खर्चको उपलब्धी हाँसिल हुने गरी गर्नुपर्दछ । गाउँपालिकाले पार्श्व चित्र प्रकाशन गर्न गाउँपालिकाको वजेट रु.६,५०,०००।- र LGCDP बाट रु.१,००,०००।- गरी जम्मा वजेट रु.७,५०,०००।- विनियोजन भएको पाइयो । पार्श्व चित्र प्रकाशन गर्न गणकलाई तालिम तथा खर्च, विवरण संकलन, बैठक भत्ता आदिमा रु.५,३३,०००।- खर्च गरेको भएतापनि हालसम्म उक्त पार्श्वचित्र प्रकाशन गरेको पाइएन । अतः यथाशीघ्र पार्श्व चित्र प्रकाशन गरी कार्यालयमा दाखिला गर्नुपर्दछ । | |
| ४८ | **हिलिहाङ महोत्सवः** यस गाउँपालिकाको आयोजना तथा अन्य गाउँपालिकाहरु समेतको सहयोगमाऐतिहासिक प्रथम हिलिहाङ महोत्सव २०७५ बैशाख २४ गतेदेखि २८ गतेसम्म हिलिहाङ गाउँपालिकामा संचालन भएको पाइयो । उक्त महोत्सवमा गाउँपालिकाको रु.१०,००,०००।- र आर्थिक सहयोग सहित रु.४६,३३,८९२।- आम्दानी र खर्च गरको छ । | |

| श्रोत | रकम | खर्च | रकम |
|---|---|---|---|
| गा.पा.को स्वीकृत वजेट | १०,००,०००।- | स्वयंसेवक तथा अतिथि खाजा खाना | ४,४७,५०५।- |
| आर्थिक सहयोग | १२,२८८९२।- | पैदल यात्रा तथा व्यवस्थापन | ७९,५११।- |
| कन्टिन्जेन्सी खर्च | ५,५०,०००।- | गेट व्यवस्थापन | ६३,०००।- |
| कर्मचारी तथा पदाधिकारीको दै.भ. | ५,००,०००।- | यातायात व्यवस्थापन | २,२०,४७०।- |
| खेलकूद | ४,५०,०००।- | अतिथि सत्कार | १,१७,१००।- |
| विपद व्यवस्थापन खर्च | ७,००,०००।- | मन्च स्टल व्यवस्थापन | ४,०५,०००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कलाकार व्यवस्थापन | १०,०४,६०५।- | |
| | | | | खेलकूद | ४,९६,६०८।- | |
| | | | | विविध | ६,६४,७१४।- | |
| | | | | संचार खर्च | १,००,०००।- | |
| | | | | प्रचार प्रसार तथा अन्य खर्च | ८,२५,३७९।- | |
| | | | | बैंक मौज्दात | ५०००।- | |
| | | **जम्मा** | **४४२८९८२।-** | **जम्मा** | **४६,३३,८९२।-** | |
| ४९ | ऐतिहासिक स्थानलाई परिचित गराई पर्यटन प्रवर्द्धन गर्न तथा कला संस्कृतिको विकास लागि गरिएको प्रथम हिलिहाङ महोत्सवलाई सकारात्मक रुपमा लिन सकिन्छ । यद्यपी महोत्सवमा खर्च भने उच्च नै रहेको छ । तसर्थ यस्ता महोत्सवहरुलाई मितव्ययी रुपमा सञ्चालन गर्नुपर्दछ । महोत्सवको लागि छुट्टै खाता खोली रकम समेत संकलन गरिएकोमा उल्लेखित खर्चका अलावा अन्य खर्च समेत हुन सक्ने देखिन्छ । महोत्सवको लागि संकलन भएको रकम मध्ये रु.२१००००।- हाल खातामा रहेको देखिदा उक्त रकम गाउँपालिकाको सञ्चित कोष खातामा फिर्ता गर्नुपर्ने र उक्त खाता बन्द गर्नुपर्ने रु.. | | | | | २१००००/- |
| ५० | **वित्तीय जवाफदेहिता** : गाउँपालिकाले विभिन्न ऐन, कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाहको अवस्था र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस गाउँपालिकाको वित्तीय जवाफदेहिता मूल्याङ्कनबाट गाउँपालिकाको वित्तीय जवाफदेहिताको स्तरले **"C" ग्रेडिङ्ग** प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | | | | | |
| ५१ | **बेरुजू -** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष रु.६५ लाख ५७ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट रु.९ लाख २६ हजार फछ्र्यौट भई रु. ५६ लाख ३१ हजार बेरुजु कायम भएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८ लाख ६ हजार, नियमित गर्नुपर्ने रु. ३९ लाख ४९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८ लाख ७६ हजार रहेको छ । | | | | | |
| ५२ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | | | | | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| **२६२८०००.००** | **११९००१३.००** | **१४३७९८७.००** |

**५३ अद्यावधिक बेरुजु स्थिति :** यस गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी |
|---|---|---|---|
| **१४३७९८७.००** | **००** | **५६३१०००.००** | **७०६८९८७.००** |
| बाँकी वेरुजू फछ्र्यौट गर्नेतर्फ गाउँपालिकाले पहल गर्नुपर्दछ । | | | |

**प्रदेश नम्बर :१** **हिलिहाङ गाउँपालिका, पाँचथर** **अनुसूची- १**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | पाँचथर | हिलिहाङ्ग गाउँ पालिका | ५५ | १८ | ६५५७ | ० | ६ | ९२६ | ५५ | १२ | ५६३१ | ८०६ | ३९४९ | ८७६ | - | - | ४८२५ | - | - | - |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | | आय | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | हिलिहाङ्ग गाउँपालिका | पाँचथर | ५६३६ | १७४२०५ | १५४५०७ | ८०५२ | ३३६७६४ | ११८०६८ | १८५८३२ | ११२७६ | ३१५१७६ | २७२२४ |